जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १३५ २०८१ साल पुस १० गते बुधबार (25 Dec. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाललाई एआई हब बनाउने उपाय.. ३ पृष्ठमा : पुनर्निर्माण कार्य प्रभावकारी.. ३ पृष्ठमा : मंगोलियाको ६०...

## श्रोत नखुलेको रकमसहित व्यापारी साह पक्राउ
## अनुसन्धानका लागि पुनः सात दिन म्याद थपियो

**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

राजविराजबाट श्रोत नखुलेको रकमसहित पक्राउ परेका एक व्यापारीलाई अदालतले अनुसन्धानका लागि मंगलबार पुनः सात दिनको म्याद थपेको छ ।

राजविराज ७ निवासी ३५ बर्षीय महेन्द्र साहलाई अदालतले बैंक तथा वित्तिय कारोवार सम्बन्धी ऐन २०७३ को कसुर अन्तर्गत दोस्रो पटक सात दिने म्याद थपेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति प्रदान गरेको हो ।

पहिलो पटक सोही दिन बैंक तथा वित्तिय कारोबार सम्बन्धी ऐन २०७३ को कसुर अन्तर्गत प्रहरीले अनुसन्धान गर्न ७ दिने म्याद थप गराई अनुसन्धान प्रक्रिया अगाडी बढाएको थियो ।

साह किराना व्यवसायी हुन् । उनलाई पुस ४ गते प्रहरीले श्रोत नखुलेको १४ लाख ७ सय रुपैयाँ सहित पक्राउ गरेको थियो । राजविराज ७ सिरहा रोड घर भएका साहको सप्तरीकै विष्णुपुर गाउँपालिकामा किराना पसल संचालनमा रहेको छ ।

हुण्डी कारोबार भईरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले राजविराज ७ स्थित साहको कोठाबाट स्रोत नखुलेको उक्त रकमसहित साहलाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धान प्रक्रिया जारि नै रहेकोले दोस्रो पटक म्याद थप गराईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

## प्रअ झाको निधनले गाउँपालिका मर्माहत

**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ तिलाठी निवासी प्रधानाध्यापक प्रभाष कुमार झाको निधन भएको शोकमा मंगलबार सो गाउँपालिकास्थित सम्पूर्ण विद्यालयमा एक दिन शोक विदा दिइएको छ ।



उक्त गाउँपालिकाको लौनियास्थित पब्लिक माध्यमिक विद्यालयका प्रअ रहेका झाको सोमबार राती वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा असामयिक निधन भएको हो ।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले मंगलबार एक शोक विज्ञप्ति जारि गर्दै प्रअ झाको निधनले गाउँपालिका मर्माहत भएको जनाउँदै दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ शोकको यस घडीमा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

शोक विज्ञप्तिमा प्रअ झाको असमायिक निधनले समग्र जिल्लाकै शैक्षिक क्षेत्रमा अपूरणीय क्षति भएको उल्लेख गरिएको छ ।

## बालविवाह न्यूनीकरणका लागि प्रहरीसँग जिल्ला स्तरीय अन्तरक्रिया सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

बालविवाह न्यूनीकरणका लागि नेपाल प्रहरीहरूसँग मंगलबार जिल्ला स्तरीय अन्तरक्रिया गरिएको छ ।

बालविवाह विरूद्ध प्रदेश स्तरीय संजालको सहयोग परिकल्पना नेपाल तथा जिल्ला प्रहरी कार्यालयको सहकार्यमा उक्त अन्तरक्रिया गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालयका डिएसपी एवं प्रहरी प्रवक्ता जितेन्द्र कुमार बस्नेतले पहिलेको तुलनामा अहिले बालविवाह गर्न अभिभावकहरू डराएको भन्दै फौजदारी कसुर अन्तरगर्त रहेको बालविवाह समुदायको अझै ठूलो चुनौतीको रूपमा रहेको बताए ।

अशिक्षा, चेतना, गरिब तथा दाईजोको कारणले सबैभन्दा बढी बालविवाह हुँदै आएकाले यसको न्यूनीकरणका लागि शिक्षा र चेतनामा जोड दिनुपर्ने उनको भनाई थियो । उनले मधेस प्रदेशमा सबैभन्दा बढी बालविवाह हुँदै आएको तथ्यांक भएपनि बालविवाहको उजुरी एकदमै न्यून आउने गरेको बताए ।

जिल्ला प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/०८० मा ५ वटा, २०८०/०८१ मा एक वटा र २०८१/०८२ मा अहिले सम्म एक वटा मात्र उजुरी परेको उनले बताए । आफ्नो छोरी आफुले भन्दा तल्लो जातको तथा कम पढेलेखेको विपन्न केटासँग विवाह गर्यो भने मात्र उजुरी आउने प्रवृत्ति रहेको भनाइ डिएसपी बस्नेतको रहेको थियो ।

कार्यक्रमका सहभागीहरूले बालविवाह न्यूनीकरणका लागि सबैले आ-आफ्नो ठाउँबाट वकालत गर्नुपर्ने जोड दिए ।

परिकल्पना नेपालको उपाध्यक्ष सुनिता परियारको अध्यक्षतामा आयोजित कार्यक्रममा सुधा देवले बालविवाहको विषयमा सहजिकरण गरेकी थिईन् भने सवाना परविनले संचालन गरेको कार्यक्रममा ३२ जना प्रहरीहरूको सहभागी रहेको थियो ।

## प्रेसमाथि अंकुश लाग्ने कानुन बन्न नदिने सभामुखको प्रतिबद्धता

काठमाडौं, ९ पुस (रासस) ।

सभामुख देवराज घिमिरेले प्रेसमाथि अङ्कुश लगाउने कानुन बन्न नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

नेपाल पत्रकार महासंघको नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरुलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण कार्यक्रममा सभामुखले आफू प्रेस स्वतन्त्रता रक्षा गर्न प्रतिबद्ध रहेको बताउँदै प्रेसमाथि अङ्कुश लगाउनेगरी कानुन नबनाउने बताउनुभएको हो ।

"नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ"-सभामुख घिमिरेले भन्नुभयो,"प्रेस स्वतन्त्रतलाई कुण्ठित हुने गरी कुनै पनि कानुन बनाइने छैन ।"

सभामुख घिमिरे र निर्वाचन समितिका प्रमुख प्रा.चिरन्जीवी खनालले नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिका सदस्यलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

महासंघका अध्यक्ष निर्मला शर्माले पत्रकार महासंघको गरिमालाई कायम राख्दै प्रेस स्वतन्त्रता र पत्रकारको पेशागत सुरक्षाका लागि लडिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महासंघका पूर्वसभापति हरिहर विरहीले सङ्गठनलाई सबै पत्रकारको साझा संस्थाका रुपमा विकास गर्नु सुझाव दिनुभयो ।

## नेपाल जेसिजको अध्यक्षमा थापा

**दैनिक समाचारदाता**
**सुनसरी, ९ पुस ।**

नेपाल जेसिजको अध्यक्षमा रजनी थापा निर्वाचित भएका छन् । इटहरीको जनता माविमा सोमबार भएको निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक गरिएको हो ।

थापा सात सय ६२ मत प्राप्त गर्दै अध्यक्ष पदमा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी जीवन कार्कीले चार सय ५३ मत प्राप्त गरेको महाधिवेशन आयोजनाका निर्देशक दीपक ढकालले जानकारी दिए ।

यसैगरी, कार्यकारिणी उपाध्यक्षमा गणेश सापकोटा, एलिना महर्जन, कृष्ण सापकोटा र सौरभ श्रेष्ठ निर्वाचित भएका छन् भने उपाध्यक्ष पदका लागि सन्दीप खत्री, दीपक अधिकारी, सुमित्रा भट्टराई, धनराज कँडेल, सुजन थापा काजी, सङ्गम कार्की, बबिता पाण्डे, अभिषेक दुलाल, उज्ज्वल काबरा, सुवास गौतम, राघव कोइराला र मनिप्रसाद अर्याल विजयी भएका छन् ।

**स्तन क्यान्सरका लक्षणहरू**

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### न्यायिक समिति बारे अझै अनभिज्ञ

झण्डै ८ वर्षदेखी संचालनमा रहेको न्यायिक समिति बारे जनता अझै अनभिज्ञ छन् । स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने गर्दछ । यस समितिको काम कर्तब्य बारे अधिकांश जनताले अझ बुझ्न सकेका छैनन् । सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको हो । यस समितिले गरेको निर्णय अदालत सरह नै हुने गरेको छ । तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ । न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ ।

नेपालभरि सप्तरीलाई जग्गा सम्बन्धी बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा चिनिन्छ । जिल्लालाई मुलुककै बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा समेत परिचित छ । यस जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ । समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ । यस जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ । यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरिन्छ ।

तसर्थ यसका लागि स्थानिय पालिकाहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता सम्बन्धमा जनचेतना दिनु पर्ने आवश्यक रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाललाई एआई हब बनाउने उपाय : अवसर, चुनौती र रणनीतिक कार्यान्वयन

**डा राजन थपलिया**

काठमाडौं, ९ पुस (रासस) ।

कृत्रिम बौद्धिकता (एआई) विश्वव्यापी रूपमा परिवर्तनकारी प्रविधि बनिसकेको छ, जसले उद्योगहरूको रूपान्तरण, शासनको सुधार गर्न र जीवनस्तरलाई माथि उठाउन सक्दछ । नेपालले सामाजिक, आर्थिक र भौगोलिक अवस्थासँगै, क्षेत्रीय 'एआई हब' बन्ने सम्भावना बोकेको छ । नेपाललाई एआई हबका रूपमा स्थापित गर्न डिजिटल पूर्वाधार, मानव पुँजीमा लगानी र सरोकारवालाबीच सहकार्य आवश्यक छ । 'फोर-जी' र 'फाइभ-जी' नेटवर्क विस्तार, काठमाडौं, पोखरा र इटहरीजस्ता सहरहरूमा 'टेक पार्क' स्थापनालगायतका पहलहरूले यस प्रक्रियामा आधारशिलाको काम गर्न सक्छ ।

नेपालले मानव पुँजीमा लगानी गर्न, विद्यालय, कलेज र विश्वविद्यालयहरूमा एआई-केन्द्रित पाठ्यक्रमहरू सुरु गर्नुपर्ने हुन्छ । विश्वव्यापी संस्थाहरूसँग सहकार्य गर्दै तालिम कार्यक्रम, कार्यशाला र पाठ्यक्रमहरू प्रदान गरेर नेपाली युवाहरूको विशेषज्ञता अभिवृद्धि गर्न सकिन्छ । साथै, सरकारले कर छुट, अनुदान र एआई स्टार्टअपहरूका लागि प्रोत्साहन गर्ने नीतिहरू ल्याउँदा नवीनतालाई प्रोत्साहन दिन मद्दत पुग्नेछ । एआई आधारित उद्यमशीलता समर्थन गर्न इनक्युबेटर र एक्सेलेरेटरहरूको स्थापना गर्दा प्रतिभा र लगानीलाई आकर्षित गर्न सकिन्छ ।

नेपालले एआईको माध्यमबाट धेरै फाइदा लिनसक्छ । एआई-सक्षम उपकरणहरूले निदानको शुद्धतालाई सुधार गर्न र टेलि-मेडिसिन सेवाहरूलाई दुर्गम स्थानसम्म पुर्‍याउन सकिन्छ । एआईबाट सञ्चालित व्यक्तिगत शिक्षण प्लेटफर्महरूले ग्रामीण विद्यार्थीका लागि शिक्षामा भएका खाडलहरू पुर्न सकिन्छ । यसैगरी, व्यावसायिक खेती, मौसम पूर्वानुमान र कीराहरूको पहिचानजस्ता एआई अनुप्रयोगहरूले कृषि उत्पादकत्वलाई उल्लेखनीय रूपमा वृद्धि गर्न सक्छ । साथै, भूकम्प र बाढीजस्ता प्राकृतिक प्रकोपमा एआईको भूमिका धेरै महत्त्वपूर्ण छ । यसले समयमै उद्धार र स्रोतहरूको व्यवस्थापन गरेर क्षतिको न्यूनीकरण गर्न सकिन्छ ।

एआईको माध्यमबाट चुनौती र आवश्यकताहरू सम्बोधन गर्न सकिन्छ । एआई मोडेलहरूलाई नेपाल-विशिष्ट डेटा प्रशिक्षण दिएर यसको प्रासङ्गिकता सुनिश्चित गर्न सकिन्छ । उदाहरणका लागि, भाषण पहिचान उपकरणहरूले नेपाली र मैथिली, भोजपुरी, तामाङजस्ता क्षेत्रीय भाषाहरूलाई संवर्द्धन हुनसक्छ । एआईले पर्यटनमा भर्चुअल गाइड, च्याटबोट र एआर/भिआर अनुप्रयोगहरूमार्फत नेपालको सांस्कृतिक सम्पदालाई बढाउन सक्दछ भने वित्तीय क्षेत्रमा एआई-सक्षम क्रेडिट स्कोरिङ प्रणालीहरूले अन्डरसर्ड जनसङ्ख्यालाई ऋण विस्तार गर्न मद्दत गर्न सक्छ ।

एआईको लाभलाई अधिकतम बनाउन, नेपालले दक्ष कार्यान्वयन र निरन्तर नवप्रवर्तन सुनिश्चित गर्नुपर्छ । केन्द्रित डेटा भण्डारहरूको सिर्जना र डेटा गोपनीयता नियमहरूको कार्यान्वयन गर्नु यसका आधारभूत चरणहरू हुन् । छात्रवृत्ति, अनुदान र विश्वविद्यालयहरूसँग सहकार्य गरेर एआई अनुसन्धानलाई प्रोत्साहित गर्दा स्थायी विकासका लागि ज्ञानको आधार सिर्जना गर्न सकिन्छ । नागरिकहरूलाई एआईका फाइदाहरू र सीमाहरूको बारेमा शिक्षित गर्नाले स्वीकृति बढाउन र रोजगारी हराउने डर वा गोपनीयतासम्बन्धी चिन्ताहरूलाई कम गर्न सकिन्छ । एआई पहलहरूबाट नेपालको दिगोपन लक्ष्यहरूसँग मेल खाने कृषि र ऊर्जामा वातावरणमैत्री अभ्यासलाई प्रवर्द्धन हुनसक्छ ।

सरकारी कार्यालयहरूमा एआईलाई एकीकृत गर्दा दक्षता, पारदर्शिता र सेवा वितरणमा सुधार गर्न सकिन्छ । एआई-सक्षम इ-शासन समाधानहरूले रेकर्ड राख्ने जस्ता सामान्य प्रशासनिक कामहरू स्वचालित गर्न सक्छ, जसले प्रशासनिक अक्षमता कम गर्छ । नीतिहरूको प्रभाव मूल्याङ्कन गर्न र सुधारका सुझाव दिन ठूला डेटासेटहरू मूल्याङ्कन गर्ने उपकरणहरूले तथ्यमा आधारित निर्णय-निर्माणलाई प्रोत्साहन गर्नसक्छ । त्यसैगरी, एआईले स्वास्थ्य, शिक्षा र पूर्वाधार परियोजनाहरूमा स्रोतको उपयोग गर्न सक्छ, जसले समान विकास सुनिश्चित गर्दछ । भ्रष्टाचार नियन्त्रण र प्रकोप व्यवस्थापनमा यसको भूमिका यस प्रविधिको उपयोगितालाई थप उजागर गर्छ ।

एआईलाई प्रभावकारी बनाउन बहुआयामिक दृष्टिकोण आवश्यक छ । नेपालले डेटा गोपनीयता, नैतिकता, पूर्वाधार र कोषजस्ता पक्षलाई सम्बोधन गर्ने व्यापक एआई नीति मस्यौदा गर्नुपर्छ । एआई अनुप्रयोगहरूमा स्थानीय अधिकारीहरूको तालिमले कार्यान्वयन सक्षम बनाउन सक्छ । सार्वजनिक-निजी साझेदारीहरूले प्रभावकारी परियोजनाहरूका लागि स्रोत र विशेषज्ञतालाई सङ्कलन गर्नसक्छ । एआई समाधानहरूको डिजाइन र कार्यान्वयनमा समुदायको सहभागिताले उनीहरूको आवश्यकता र समस्याहरूको समाधान गर्न मद्दत पुर्‍याउँछ । नेपालको एआई पहललाई अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मिलाउँदै सुसङ्गत र विश्वव्यापी सहकार्यलाई प्रोत्साहन गर्न सकिन्छ ।

एआईले नेपालको सामाजिक-आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने ठूलो सम्भावना राख्छ । पूर्वाधार, शिक्षा र नीति विकासमा रणनीतिक लगानी गरेर, नेपालले आफूलाई दक्षिण एशियामा एआई हबको रूपमा स्थापित गर्नसक्छ । नागरिकहरूका लागि स्वास्थ्य र शिक्षामा सुधारदेखि प्रभावकारी शासनसम्मका फाइदाहरू महत्वपूर्ण र टाढासम्म फैलिएका छन् । सरकार, निजी क्षेत्र र नागरिकहरूबाट एकीकृत प्रयासका साथ नेपालले एआईको शक्ति उपयोग गरेर समृद्ध र समान भविष्य निर्माण गर्नसक्छ ।

**विश्वमा एआईको के-के नयाँ विकासहरू भइरहेका छन् ?**

एआईको उल्लेखनीय प्रगतिले जीवन र व्यवसायमा ठूलो परिवर्तन ल्याइरहेको छ । एआईको नयाँ-नयाँ विकासले धेरै क्षेत्रमा सम्भावनाका ढोकाहरू खोलेको छ । जनरेटिव एआई जस्तैः च्याट जिपिटी, डल-इ र मिडजर्नी, मानव-जस्तै सामग्री सिर्जना गर्न सक्षम भएका छन् । यी प्रविधिहरूले टेक्स्ट, चित्र, सङ्गीत, र भिडियो सिर्जना गर्न सक्षम प्रणालीहरू प्रदान गरेका छन् । यो सिर्जनात्मकता र नवाचारको क्षेत्रमा मात्र सीमित छैन; यसको प्रभाव स्वास्थ्य सेवा, शिक्षा र व्यापारमा समेत व्यापक छ । एआई आधारित रोबोटिक्सले उत्पादनशीलता र दक्षतामा उल्लेखनीय वृद्धि गरेको छ । अहिले, स्वचालित सवारी साधन पनि एआईको महत्वपूर्ण विकास हो । टेस्ला, वेमो र अन्य कम्पनीहरूले एआई चालित गाडीहरू विकास गरिरहेका छन्, जसले यात्रालाई सहज, सुरक्षित र वातावरणमैत्री बनाउन मद्दत गरिरहेको छ । यस्तै, स्वास्थ्य सेवामा एआईले रोग निदान र उपचार योजना बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ । एआई आधारित इमेज प्रोसेसिङ प्रणालीहरूले एमआरआई र सिटीस्क्यान जस्ता परीक्षणहरूको द्रूत र सटिक विश्लेषण सम्भव बनाएको छ । साथै, एआईले प्राकृतिक भाषा प्रशोधन ( एनएलपी) जस्ता क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ । यसले मानिस र कम्प्युटरबीचको संवादलाई अझ प्रभावकारी बनाएको छ । सिरी, एलेक्सा र गुगल ट्रान्सलेटजस्ता उपकरणहरू एनएलपीको मुख्य उदाहरण हुन् । यस्तो निरन्तर प्रगतिको प्रभावले हामीले सोच्नसक्ने भन्दा धेरै फाइदा पुर्‍याइरहेको छ र यसले भविष्यमा अझ धेरै परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

**एआईको भविष्य कस्तो हुनेछ ?**

एआईको भविष्य अत्यन्तै उज्यालो र रोमाञ्चक छ । यो प्राविधिले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, र व्यापारजस्ता क्षेत्रहरूलाई अझ प्रभावकारी बनाउँदैछ । निकट भविष्यमा, एआईले मानव श्रमको आवश्यकता कम गर्दै धेरै कामहरू स्वचालित गर्नेछ । यो प्रविधिले मानिसलाई दोहोरो कामबाट मुक्त गराउँदै सिर्जनात्मक र सोच्न आवश्यक पर्ने कार्यहरूमा ध्यान केन्द्रित गर्न सहयोग पुर्‍याउनेछ । सुपर-इन्टेलिजेन्सको विकास भविष्यमा एआईले मानव बुद्धिलाई पार गर्ने क्षमता राख्छ भन्ने भविष्यवाणी गरिन्छ । यस्तो सुपर-इन्टेलिजेन्सले जटिल समस्याहरू समाधान गर्न, जस्तै जलवायु परिवर्तनको समाधान खोज्न, जैविक अनुसन्धानमा क्रान्ति ल्याउन र नयाँ औषधिहरू विकास गर्न सक्नेछ ।

यस्तै, एआईको प्रयोगले वैज्ञानिक अनुसन्धानमा ठूलो परिवर्तन ल्याउनेछ । स्वास्थ्य सेवामा, एआईले व्यक्तिगत उपचार योजना तयार गर्न र दुरुस्त रोग निदान गर्न भूमिका खेल्नेछ । साथै, शिक्षा क्षेत्रमा, एआईले व्यक्तिगत शिक्षा प्रणाली विकास गर्न, योजनाहरू अनुकूलन गर्न र विद्यार्थीहरूको आवश्यकताअनुसार अध्ययन सामग्री प्रदान गर्न सहयोग पुर्‍याउनेछ । व्यापार क्षेत्रमा एआईले डाटा विश्लेषण, उपभोक्ता प्रवृत्ति पहिचान र बजार रणनीति निर्माण गर्न सहयोग गर्नेछ । यसले मानिस र प्रविधिको सहकार्यलाई अझ सुदृढ बनाउनेछ । मानिसको जीवनलाई अझ सहज र व्यवस्थित बनाउनेछ । यस्तो भविष्यले मानवीय जीवनलाई नयाँ उचाइमा पुर्‍याउनेछ ।

**कसरी धेरैभन्दा धेरै उपयोग गर्न सक्छौं ?**

एआईको सही उपयोग गरेर नेपालीहरूले आफ्नो जीवनस्तरमा सुधार ल्याउन सक्नेछन् । नेपालजस्तो देशका लागि एआईले धेरै सम्भावना प्रदान गर्दछ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, र उद्योगजस्ता क्षेत्रहरूमा एआईको प्रभावकारी उपयोग गरेर देशलाई विकासको मार्गमा अगाडि बढाउन सकिन्छ । कृषि क्षेत्रमा एआई आधारित प्रणालीहरूले माटोको परीक्षण, बालीको अवस्था विश्लेषण र उत्पादन बढाउन मद्दत गर्न सक्छ । स्मार्ट कृषि प्रणालीले लागत घटाउन र उत्पादकत्व बढाउन सहयोग पुर्‍याउँछ भने शिक्षा क्षेत्रमा एआईले अनलाइन कक्षाहरू, भर्चुअल ट्यूटर, र व्यक्तिगत अध्ययन योजना तयार गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा अनलाइन शिक्षालाई प्रभावकारी बनाउन, विद्यार्थीहरूलाई पहुँचयोग्य बनाउन र शिक्षाको गुणस्तर सुधार गर्न एआई प्रयोग गर्न सकिन्छ ।

स्वास्थ्य क्षेत्रमा, एआईले ग्रामीण भेगका मानिसहरूको लागि टेलिमेडिसिन सेवा उपलब्ध गराउन सहयोग गर्न सक्छ । यसले जनसंख्याको ठूलो हिस्सालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नसक्छ । पर्यटन क्षेत्रमा, एआईले भर्चुअल गाइड, भाषा अनुवाद र पर्यटकहरूको व्यक्तिगत आवश्यकताहरू बुझेर सेवा प्रदान गर्न सक्छ ।

*बाँकी तीन पृष्ठमा*

# पुनर्निर्माण कार्य प्रभावकारी बनाउन ‘विपद् पुनर्लाभ कार्ययोजना’

काठमाडौं, ९ पुस (रासस) ।

सरकारले विपद् पुनर्निर्माणलाई छिटो, छरितो र प्रभावकारी बनाउन ‘विपद् पुनर्लाभ कार्ययोजना’ निर्माण गर्न थालेको छ ।

विपद् व्यवस्थापनको जिम्मेवारी पाएको गृह मन्त्रालय मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् पुनर्निर्माणको कामलाई द्रुत र प्रभावकारी बनाउन एकीकृत रुपमा काम गर्ने गरी पुनर्लाभ कार्ययोजना निर्माण थालेको हो ।

अहिलेसम्म पुनर्निर्माणको काम सुरु हुन नसकेको भूकम्प गएको क्षेत्र पश्चिम नेपालको जाजरकोट, डोटी, बझाङलगायत जिल्लामा प्राथमिकीकरण गरेर यही पुस मसान्तबाटै कुनै एक ठाउँबाट पुनर्निर्माण कार्य अघि बढाउने गरी उक्त योजना निर्माण थालिएको प्राधिकरणका सहसचिव डा भीष्मकुमार भुसालले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिलेसम्म उद्धार, राहत तथा अस्थायी आवासका काममा केन्द्रित भएको र त्यो काम सम्पन्न भएकाले अब पुनर्निर्माणलाई तीव्रता दिन लागिएको हो । प्राधिकरणका अनुसार स्थायी आवासका लागि रकम कति दिने भनेर निर्णय हुन लामो समय लागेको थियो ।

डा भुसालले भन्नुभयो, “अहिले प्राधिकरणले पुनर्निर्माणमा रकम कति दिने भनेर निधो गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिसकेको छ, त्यो मन्त्रिपरिषद्बाट निर्णय हुने बित्तिकै स्थायी आवासको पुनर्निर्माणका लागि कार्यविधि जारी गर्ने अवस्थामा पुग्छौं र स्थायी आवास पुनर्निर्माण बाटोसमेत खुल्छ ।”

त्यसअघि अस्थायी आवास लिएकाहरु वास्तविक लाभग्राही हुन् कि होइनन् भनेर यकिन गनुपर्ने हुन्छ । त्योसँगै स्थायी आवासको किस्ता दिनका लागि के के प्रमाण राख्ने भन्ने विषयमा विस्तृत क्षति आकलनको प्रक्रिया अघि बढाइने पनि उहाँले बताउनुभयो ।

निजी आवास पुनर्निर्माण तथा स्कुल र सरकारी संरचनाको पुनर्निर्माणका लागि विशेष योजना अघि बढाउनुपर्ने जनाइएको छ । “यी सबै काम गर्न योजनाविहीन हुँदा भद्रगोल हुने अवस्था रहेकाले विपद् पुनर्लाभ कार्ययोजना निर्माण गरी एकीकृत र व्यवस्थित रुपमा काम गर्नुपर्ने आवश्यकता ठानेर कार्ययोजना निर्माण गर्न थालिएको हो”, भुसालले भन्नुभयो ।

प्राधिकरणमा अहिले विभिन्न मन्त्रालयले बाढी, भूकम्पले क्षति गर्‍यो पुनर्निर्माणका लागि पैसा चाहियो भनेर माग गरिरहेका छन् । प्राधिकरणमा यस्ता मागका फाइल आइरहेका छन् । “त्यसका लागि योजनाविहीन भएको अवस्थामा कार्य सफल नहुने हुँदा प्राथमिकीकरण गर्नुपर्ने अवस्था रह्यो, पहिले कहाँबाट काम गर्ने भनेर”, उहाँले भन्नुभयो, “पहिलो प्राथमिकता गाउँमा जाने सडक हो कि, विद्यार्थीले पढ्ने स्कुलभन्दा स्कुल नै होला, त्यसअघि मान्छेको छानो होला, निजी आवास, ती सबैको प्राथमिकीकरण गरेर अघि बढ्छौं ।”

कार्ययोजनामा पुनर्निर्माणका लागि पैसा कति चाहिन्छ भनेर हिसाब निकालिन्छ । तीन तहका सरकार भएका कारण कुन तहका सरकारले कति बेहोर्ने भनेर पनि निधो हुन्छ । कतिपय स्थानमा पालिकाहरुले आफैं बनाउनसक्ने अवस्था पनि रहेको छ । त्यसका अलावा गैरसरकारी संस्थाले पनि काम गरिरहेका छन् । उनीहरुको भूमिका पनि छुट्याइने छ । उनीहरुले फारमसमेत भरेर पठाउन थालेका डा भुसालले बताउनुभयो ।

यसका लागि सिंहदरबारमा विषयगत मन्त्रालयसँगको छलफल भइसकेको र गैरसरकारी संस्थासँग पनि एक चरणको छलफल सम्पन्न भइसकेको छ । युएन एजेन्सी र विकास साझेदारसँग समेत छलफल गरेर अघि बढ्ने योजनाका साथ कार्ययोजना बनिरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सबै रकमको आँकडा आइसकेपछि स्रोत व्यवस्थापन गरेर काम गरेपछि रिपोर्ट एकै ठाउँमा आउने भयो, अहिले गैरसरकारी संस्थाले काम गरे पनि रेकर्ड नआउने अवस्था छ, अब कार्ययोजना बनेपछि एकीकृत विवरण आउने भयो र गरेको काम देखिने हुन्छ ।” योजनाविहीन हुँदा स्रोत जुटाउन पनि समस्या देखिएको प्राधिकरणको भनाइ छ ।

उहाँका अनुसार विसं २०७२ को भूकम्पमा एक सय ९७ गैरसरकारी संस्थाले काम गरेका थिए । अहिले एक दर्जन पनि देखिएका छैनन् । त्यो किन भयो भने विपद्लाई प्राथमिकता नपाउनुमा आफ्नो योजना नहुने देखिएकाले एकीकृत कार्यक्रम गरेर अघि बढ्न लागिएको हो ।

प्राधिकरणले यही हप्तामा प्रारम्भिक खाका तयार पारेर अघि बढ्नेगरी काम थालेको छ । पुस मसान्तसम्ममा कुनै न कुनै पालिकाबाट काम थाल्ने गरी कार्य योजना अघि बढाइएको डा भुसालले बताउनुभयो । प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले अब मुख्य केन्द्रित नै पुनर्निर्माणमा रहेको र त्यसलाई प्रभावकारी बनाउन योजना अघि बढाइसकिएको बताउनुभयो ।

---

*नेपाललाई एआई...*

यसले नेपालको पर्यटन क्षेत्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनेछ । यसरी, एआईको सही उपयोगले नेपालीको जीवन सुधार गर्न र देशलाई प्रगतिको मार्गमा अगाडि बढाउन मद्दत गर्नेछ ।

**एआई कसरी सिक्न सक्छौं ?**

एआई सिक्न धेरै स्रोतहरू उपलब्ध छन् । अहिलेको डिजिटल युगमा अनलाइन प्लेटफर्महरूले एआईमा पाठ्यक्रमहरू उपलब्ध गराइरहेका छन् । यी पाठ्यक्रमहरूले आधारभूतदेखि उन्नत स्तरसम्मको ज्ञान प्रदान गर्छन् । साथै, धेरै पाठ्यक्रमहरू निःशुल्क वा सस्तो शुल्कमा उपलब्ध छन् । यस्तै, पुस्तकहरू पनि एआई सिक्ने उत्कृष्ट स्रोत हुन् । प्रोजेक्ट-आधारित सिकाइ एआई सिक्नको लागि अर्को प्रभावकारी विधि हो । कुनै समस्या समाधान गर्न वा कुनै नयाँ प्रणाली निर्माण गर्न प्रोजेक्टमा संलग्न भएर सिकाइलाई व्यावहारिक बनाउन सकिन्छ । नेपालका विश्वविद्यालयहरूले पनि एआईसम्बन्धी कोर्सहरू शुरु गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई विश्वस्तरको ज्ञान र सीप प्रदान गर्नेछ । यसैगरी, स्वयंसेवाका माध्यमबाट एआईसम्बन्धी परियोजनामा संलग्न भएर सिकाइलाई सुदृढ गर्न सकिन्छ । एआई सिक्नका लागि भाषा, गणित, र कम्प्युटर विज्ञानको आधारभूत ज्ञान आवश्यक पर्छ, जसलाई स्थानीय तहदेखि उच्च शिक्षासम्म शिक्षण प्रणालीमा समावेश गर्न सकिन्छ ।

**नेपालमा एआई व्यवसायको सम्भावना कस्तो छ ?**

नेपालमा एआई व्यवसायको सम्भावना अत्यन्तै ठूलो छ । देशको प्राकृतिक स्रोतसाधन, जनशक्ति र स्थानीय समस्याहरूको समाधान गर्न एआई आधारित व्यवसायहरूको स्थापना गरेर देशलाई आर्थिक रूपमा सबल बनाउन सकिन्छ । ई-कमर्समा, एआईले ग्राहकहरूको रुचि र प्रवृत्ति बुझेर व्यक्तिगत सिफारिस प्रणाली तयार गर्न सहयोग गर्नसक्छ । यसले ग्राहक सेवामा सुधार ल्याउँदै व्यवसायलाई प्रतिस्पर्धी बनाउनेछ । वित्तीय क्षेत्रमा, एआईले धोखाधडी पत्ता लगाउने, ऋण जोखिमको मूल्याङ्कन गर्ने र वित्तीय विश्लेषणलाई सहज बनाउनेछ । स्वास्थ्य सेवामा एआई आधारित उपकरणहरूले ग्रामीण भेगमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउन सहयोग पुर्‍याउनेछ । सूचना प्रविधि क्षेत्रमा एआईले सफ्टवेयर र एप्लिकेसनहरूको विकासलाई प्रवर्द्धन गर्नेछ । यस्तै, शिक्षा क्षेत्रमा, एआईले विद्यार्थीहरूको अध्ययन प्रक्रियालाई व्यक्तिगत बनाउन र शिक्षाको गुणस्तर सुधार गर्न योगदान पुर्‍याउनेछ । एआई व्यवसायले नेपालको आर्थिक विकासलाई तीव्र बनाउन, रोजगारी सिर्जना गर्न र अन्तर्राष्ट्रिय बजारमा नेपाली व्यवसायहरूको पहुँच विस्तार गर्न मद्दत गर्नेछ ।

**यसलाई कसरी धेरैभन्दा धेरै उपयोगी बनाउन सकिन्छ ?**

नेपालमा एआईको प्रयोगलाई प्रभावकारी बनाउन सरकारको भूमिका मुख्य छ । सरकारले एआई प्रविधिमा लगानी बढाउन र नीति निर्माण गर्नुपर्छ । सरकारी सेवाहरूमा एआई आधारित प्रणालीहरूको प्रयोगले सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउनेछ । उदाहरणका लागि, सरकारी कागजातहरूको डिजिटलाइजेसन, ट्राफिक व्यवस्थापन प्रणाली र सरकारी सेवाको अनलाइन पहुँचजस्ता क्षेत्रमा एआईले ठूलो योगदान पुर्‍याउन सक्छ । गाउँस्तरमा, एआई आधारित शिक्षादीक्षा र स्वास्थ्य सेवाहरू लागू गर्न सकेमा ग्रामीण क्षेत्रको जीवनस्तर सुधार हुनेछ । यसका लागि सरकारले ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच वृद्धि गर्ने र एआईमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**स्थानीय समाधान र विश्वव्यापी प्रतिस्पर्धा**

एआईले स्थानीय समस्याहरू समाधान गर्न र विश्वव्यापी प्रतिस्पर्धामा नेपालको स्थान सुदृढ गर्नसक्छ । उदाहरणका लागि, कृषि क्षेत्रमा एआईले बाली व्यवस्थापन, उत्पादन पूर्वानुमान, र रोग नियन्त्रणमा सहयोग पुर्‍याउन सक्छ । पर्यटन क्षेत्रमा, भर्चुअल गाइड र भाषा अनुवाद सेवाले विदेशी पर्यटकहरूको अनुभव सुधार्न सक्छ । फिनटेकमा एआईले वित्तीय प्रविधि सुधार गर्न र बैंकिङ प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्नसक्छ ।

**चुनौती र समाधान**

आधारभूत पूर्वाधारको कमी, जनशक्तिको अभाव र नीतिगत अस्पष्टताका कारण नेपालमा एआई अपनाउन धेरै चुनौतीहरू छन् । सरकार, निजी क्षेत्र र शैक्षिक संस्थाहरूको सहकार्यबाट यी चुनौतीहरू समाधान गर्न सकिन्छ । विश्वविद्यालयहरूले एआईलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ । सरकारी कार्यक्रमहरूले जनचेतना अभिवृद्धि गर्न र नयाँ व्यवसाय स्थापना गर्न प्रोत्साहन दिनुपर्छ । निजी क्षेत्रले एआई आधारित परियोजनाहरूमा लगानी गर्नुपर्छ । एआई संसारभर तीव्रगतिमा विकास भइरहेको छ र नेपालले यसलाई सही तबरले अपनाएमा ठूलो फाइदा लिन सक्छ । शिक्षादेखि स्वास्थ्यसम्म र ग्रामीण क्षेत्रदेखि सहरी क्षेत्रमा एआईको प्रयोग गरेर देशलाई डिजिटल युगमा अगाडि बढाउन सकिन्छ । हामीले स्थानीय समस्या समाधान गर्दै एआईको उपयोग गर्नुपर्छ र विश्वव्यापी प्रतिस्पर्धामा नेपाललाई मजबुत बनाउने लक्ष्य राख्नुपर्छ । एआईले नेपालीहरूको जीवन सुधार गर्न र देशलाई प्रगतिशील बनाउन ठूलो भूमिका खेल्नसक्छ । *(लेखक अमेरिकाका विभिन्न विश्वविद्यालयमा कम्प्युटर विज्ञान, तथ्याङ्क विज्ञान साइन्स र कृत्रिम बुद्धिमताका प्राध्यापक तथा प्रोमेट्रिक कम्पनीको इन्जिनियरिङ र प्रविधि विभागका विषयविज्ञ पनि हुनुहुन्छ)*

---

## विश्व समाचार

### मंगोलियाको ६० प्रतिशतभन्दा बढी भूभागमा हिउँ

उलान बातोर, ९ पुस (रासस/सिन्ह्वा) ।

मङ्गोलियाको ६० प्रतिशतभन्दा बढी भूभाग हाल हिउँले ढाकेको मौसम विज्ञान तथा वातावरणीय राष्ट्रिय एजेन्सीले सोमबार जनाएको छ ।

“मङ्गोलियाको कम्तिमा ६४ प्रतिशत क्षेत्र अब हिउँले ढाकेको छ,” मौसम एजेन्सीले जनाएको छ । सोमबार बिहानसम्म देशका २१ मध्ये पाँच प्रदेशमा हिमपात जारी रहेको छ ।

मङ्गोलिया जाडोको लागि प्रसिद्ध छ । गत हिउँदमा देशमा पाँच दशक यताकै सबैभन्दा ठूलो हिमपात भएको थियो, जसका कारण ठूलो बाढी आएको र लाखौं पशुधनको क्षति भएको थियो ।

यस हिउँदमा, एसियाली देशका अधिकांश भागहरूमा दीर्घकालीन औसतभन्दा चिसो तापक्रम बढ्ने मौसमविद्ले जनाएका छन् ।

### मलेसियामा सवारीसाधन एकआपसमा ठोक्किँदा सात जनाको मृत्यु, ३३ घाइते

क्वालालम्पुर, ९ पुस (रासस/सिन्ह्वा) ।

सोमबार राति उत्तरतर्फ जाने उत्तर-दक्षिण एक्सप्रेसवेको आयर केरोह रेस्ट र सेवा नजिक तीनवटा सवारीसाधन एकआपसमा ठोक्किँदा सात जनाको मृत्यु भएको छ भने अन्य ३३ जना घाइते भएका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार दुर्घटनामा २७ यात्रु बोकेको एउटा टुर बस, एउटा ट्रेलर र टोयोटा बीच भएको थियो ।

स्थानीय प्रहरीका अनुसार मृत्यु हुनेमा तीन पुरुष, तीन महिला र एक बालिका रहेका छन् । दुर्घटनाका कारण राजमार्गको दुबै दिशामा १० किलोमिटरभन्दा बढी ट्राफिक जाम भएको थियो । दुर्घटनाको कारण अनुसन्धान भइरहेको छ ।

### स्पेसएक्सद्वारा २१ वटा ‘स्टारलिङ्क इन्टरनेट उपग्रह’ अन्तरिक्षमा प्रक्षेपण

लस एन्जलस, ९ पुस (रासस/सिन्ह्वा) ।

अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले सोमबार २१ वटा स्टारलिङ्क उपग्रहहरू प्रक्षेपण गरेको छ ।

स्पेसएक्सका अनुसार पूर्वी समयको १२:३५ बजे फ्लोरिडास्थित नासाको केनेडी स्पेस सेन्टरमा फाल्कन नौ रकेटमा उपग्रहहरू प्रक्षेपण गरिएको थियो ।

स्पेसएक्सले पछि २१ उपग्रहहरूको तैनाती पुष्टि गर्‍यो, जसमा १३ डायरेक्ट टु सेल क्षमताहरू छन् । यो मिसनलाई समर्थन गर्ने पहिलो चरण बूस्टरको १४ औं उडान थियो । स्पेसएक्सका अनुसार, स्टारलिङ्कले उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट पहुँच अनुपलब्ध भएका स्थानहरूमा पुर्‍याउनेछ ।

### श्रीलङ्कामा ५० जङ्गली हात्तीको मृत्यु

कोलम्बो, ९ पुस (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा यो वर्ष अहिलेसम्म करिब ५० जङ्गली हात्तीको अनाधिकृत विद्युतीय तारले करेन्ट लागेर मृत्यु भएको सिलोन विद्युत बोर्ड (सीईबी) सोमबार जनाएको छ ।

सीईबीले देशको जैविक विविधताको प्रतीक जङ्गली हात्ती मानव गतिविधिका कारण लोप हुने खतरा बढ्दै गएको बताएको छ ।

सीईबीले पहिले नै यस अवैध कार्यको सम्बन्धमा धेरै उपयुक्त कदमहरू चालेको छ । जङ्गली हात्तीहरूको संरक्षणको लागि जनताको सहयोगको अपेक्षा सीईबीले गरेको छ । सन् २०२३ मा श्रीलङ्कामा ९० जङ्गली हात्तीको मृत्यु भएको तथ्याङ्कले देखाउँछ ।

### भारतको वन क्षेत्रमा वृद्धि : प्रतिवेदन

नयाँदिल्ली, ९ पुस (रासस/सिन्ह्वा) ।

भारतको वन र रूखहरू सन् २०२१ यता एक हजार ४४५ वर्ग किलोमिटरले बढेको छ ।

शनिबारको आधिकारिक प्रतिवेदनले कुल आठ लाख २७ हजार ३५७ वर्ग किलोमिटर अर्थात् देशको भौगोलिक क्षेत्रफलको २५.१७ प्रतिशत पुगेको देखाएको छ ।

भारतीय वन मन्त्रालय अन्तर्गतको संस्था वन सर्वेक्षणले जारी गरेको भारतको वन राज्य प्रतिवेदन सन् २०२३ अनुसार अहिले वन क्षेत्र सात लाख १५ हजार ३४३ वर्ग किलोमिटर (२१.७६ प्रतिशत) रहेको छ ।

छत्तीसगढ (६८४ वर्ग किमी), उत्तर प्रदेश (५५९ वर्ग किमी), ओडिशा (५५९ वर्ग किमी) र राजस्थान (३९४ वर्ग किमी) सबैभन्दा बढी वन, रुख क्षेत्रमा वृद्धि आएका राज्यहरू हुन् ।

# क्रिमसनटेकले जित्यो इनड्राइभ स्टार्टअप आइसिटीअवार्ड २०२४




**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

क्रिमसन टेक प्रालि इनड्राइभ स्टार्टअप आइसिटी अवार्ड २०२४ को विजेता बनेको छ । इनड्राइभ आइसिटी अवार्ड २०२४ अन्तर्गत इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड विधाको विजेता क्रिमसन टेक बनेको हो ।

आइसिटी अवार्डसँग शीर्ष प्रायोजकको रूपमा सहकार्य गर्न पाउँदा गौरवान्वित भएको इनड्राइभले जनाएको छ । आइसिटी अवार्डले सन् २०१६ देखि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा काम गर्दै आएका स्टार्टअप, व्यक्ति र संस्थाहरूलाई प्रोत्साहन तथा सम्मान गर्दै आएको छ ।

इनड्राइभका एसियाप्यासिफिक कम्युनिकेसन्स लिड पवितनन्दा आनन्दले भनिन्, "इनड्राइभले आईसीटी अवार्ड २०२४ सँग साझेदारी गर्न पाउँदा सम्मानित महसुस गरेको छ । इनड्राइभले आईसीटी क्षेत्रमा स्टार्टअपहरूका लागि पहिचान र सशक्तिकरणको महत्व बुझ्दछ, र अन्तर्राष्ट्रिय मञ्चमा उनीहरूका उपलब्धिहरूलाई प्रकाश पार्ने कार्यक्रममा योगदान दिन पाउँदा हामी गर्व गर्छौं साथै हामी इनड्राइभ स्टार्टअप आईसीटी अवार्ड २०२४ को विजेता "क्रिमसन टेक प्रालि" लाई पनि हार्दिक बधाई दिन चाहन्छौं ।"

आईसीटी अवार्ड उदीयमान प्रतिभाहरूको पहिचान र प्रदर्शन गर्न, उनीहरूलाई उद्योगमा महत्वपूर्ण प्रगति गर्न आवश्यक पर्ने एक्सपोजर र समर्थन प्रदान गर्ने भूमिकाका लागि प्रख्यात रहेको छ ।

इनड्राइभले प्राविधिक विकासमा स्टार्टअपहरूले खेल्ने निर्णायक भूमिकालाई मान्यता दिन्छ र भिजनसहितका आगामी पुस्तालाई समर्थन गर्न समर्पित रहेको छ ।

इनड्राइभको सहयोगले निःसन्देह यस वर्षको अवार्डको सफलतामा योगदान पुर्‍याएको छ र हामी विश्वव्यापी रूपमा उत्कृष्ट स्टार्टअपहरूको वृद्धि र पहिचानलाई थप प्रोत्साहन दिने सहयोगी प्रयासको लागि तत्पर रहेका छौं, साथै अवार्ड समारोहमा १५ वटा अवार्ड विधाहरू रहेका थिए र सात स वटै प्रदेशका लागि विशेष मान्यता अवार्डहरू रहेका थिए ।"

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८१ ०८२
च.न. ६१०

मिती :- २०८१।०९।१०१

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने मैना कुमारी चौधरीले तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८१।०९।०७ गते मा द.नं.७२७ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने रामाकान्त चौधरी नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पढरीया | १क | ७५५ | ०-०-४.५ |
| सप्तरी | चनौरा पढरीया | १क | १२४१ | ०-१२-४.२५ |
| सप्तरी | चनौरा पढरीया | १क | १२३५ | ०-२-८.२५ |
| सप्तरी | चनौरा पढरीया | २ | १२२९ | ०-०-४.५ |
| सप्तरी | चनौरा पढरीया | २ | १२३३ | ०-२-० |
| सप्तरी | चनौरा पढरीया | १क | १२३८ | ०-०-१५ |
| सप्तरी | चनौरा पढरीया | २ | १२३१ | ०-०-१५.५ |
| सप्तरी | चनौरा पढरीया | २ | १२३५ | ०-०-२ |
| सप्तरी | राजबिराज | ९ | २३९६ | ०-०-९.२५ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१

# सार्वजनिक ऋण २४ खर्ब ९२ अर्ब, विकास बजेटभन्दा बढी साँवा ब्याज भुक्तानीमा खर्च

काठमाडौं, ९ पुस (रासस) ।

सार्वजनिक ऋणको दायित्व वर्सेनी वृद्धि भएसँगै उक्त ऋणको साँवा ब्याज भुक्तानी खर्च पनि बढ्दै गएको छ । विकास बजेटभन्दा बढी रकम सार्वजनिक ऋणको साँवा ब्याज तिर्नमा खर्च हुन थालेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को गत मङ्सिर मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार सरकारी ऋण करिब रू २५ खर्ब हाराहारी छ ।

"चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा मङ्सिर मसान्तसम्ममा रू ५८ अर्ब ३१ करोड थप भई कूल सार्वजनिक ऋण रू २४ खर्ब ९२ अर्ब ९१ करोड पुगेको छ । जुन कूल गार्हस्थ उत्पादनको ४३ दशमलव ६९ प्रतिशत हुन आउँछ", प्रतिवेदनमा भनिएको छ, "मङ्सिर महिनामा रू ५८ अर्ब २४ करोड ऋण दायित्व भुक्तानी तथा २१ अर्ब २३ करोडमात्र ऋण प्राप्ति भएको र विनिमय दरमा भएको घटबढको प्रभावले कात्तिक मसान्तसम्मको तुलनामा मङ्सिर मसान्तसम्ममा रू २५ अर्ब ६४ करोड ऋण दायित्व घट्न गएको छ ।"

कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी आन्तरिक ऋणको दायित्व रू १२ खर्ब १७ अर्ब ६६ करोड १८ लाख अर्थात् कूल सार्वजनिक ऋणको २१ दशमलव ३४ प्रतिशत छ । त्यसैगरी बाह्य ऋण दायित्व रू १२ खर्ब ७४ अर्ब ७५ करोड अर्थात् २२ दशमलव ३५ प्रतिशत छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा मङ्सिर मसान्तसम्ममा रू एक खर्ब ९२ अर्ब २९ करोड ऋण उठाइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा पाँच महिनाको कूल सार्वजनिक ऋण प्राप्ति ३५ दशमलव १५ प्रतिशत बराबर हो । चालु आर्थिक वर्षका लागि आन्तरिक ऋणतर्फ रू तीन खर्ब ३० अर्ब उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको ४९ दशमलव ७० प्रतिशत अर्थात् रू एक खर्ब ६४ अर्ब बराबर ऋण उठाइसकेको छ ।

यसैगरी रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको १३ दशमलव ०४ प्रतिशत अर्थात् रू २८ अर्ब २९ करोड १८ लाख प्राप्त भएको छ । सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब बजेट छुट्याइएको छ । मङ्सिर मसान्तसम्ममा रू एक खर्ब ७० अर्ब ४९ करोड साँवा ब्याज भुक्तानी भएको कार्यालयले जनाएको छ ।

कूल गार्हस्थ उत्पादनको आधारमा मङ्सिर मसान्तसम्मको कूल ऋण सेवा खर्च दुई दशमलव ९९ प्रतिशत रहेको छ । सरकारले विकास निर्माणमा विनियोजन गर्ने वार्षिक बजेट अर्थात् पुँजीगत शीर्षकको तुलनामा सरकारी ऋणको साँवा ब्याज तिर्न छुट्याइने बजेट बढी छ । चालु आर्थिक वर्षका लागि सरकारले पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड बजेट विनियोजन गरेको थियो । जबकी सरकारी ऋणको साँवा ब्याज तिर्न चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब बजेट छुट्याइएको छ । यी दुई शीर्षकमा मङ्सिर मसान्तसम्म भएको खर्चको अवस्था हेर्ने हो भने पुँजीगत बजेट खर्च भन्दा ऋणको साँवा ब्याज तिर्न भएको खर्च करिब साँढे चार गुणाले बढी छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार मङ्सिर मसान्तसम्म सरकारको पुँजीगत खर्च रू ४० अर्ब ८० करोड मात्रै छ ।

# वीरगञ्ज नाकाबाट चारपाङ्ग्रे सवारीको आयात घटचो

पर्सा, ९ पुस (रासस) ।

वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा चारपाङ्ग्रे सवारीसाधनको आयात घटेको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको पाँच महिनामा रु ९२ करोड तीन लाख ३६ हजार मूल्य पर्ने चार सय ८२ वटा जीप, कार र भ्यान आयात भएका छन् ।

गत आवको पाँच महिनाका तुलनामा चालु आवको सोही अवधिमा सङ्ख्याको आधारमा ३८ दशमलव १३ प्रतिशत र राजस्वको आधारमा १६ दशमलव ४३ प्रतिशतले सवारीसाधनको आयात घटेको हो । जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब २० करोड १४ लाख दुई हजार मूल्य पर्ने सात सय ७९ वटा जीप, कार र भ्यानको आयात भएको थियो । ती सवारीसाधन आयात हुँदा कार्यालयले रु दुई अर्ब ८० करोड ९१ लाख राजस्व सङ्कलन गरेको थियो ।

इन्धनबाट चल्ने जीप, कार र भ्यानको मात्रै नभएर वीरगञ्ज नाका हुँदै भित्रिने चारपाङ्ग्रे विद्युतीय सवारीसाधनको पनि आयात घटेको भन्सारको तथ्याङ्कले देखाएको छ । चालु आवको पाँच महिनामा यो नाका हुँदै रु १४ करोड ७८ लाख छ हजार मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ ।

गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा विद्युतीय सवारीसाधनको सङ्ख्याका आधारमा आयात ५९ दशमलव ०७ प्रतिशत र राजस्व सङ्कलनका आधारमा भने ५८ दशमलव ६३ प्रतिशतले गिरावट आएको छ । गत आवको सोही अवधिमा भने ४६ करोड ५८ लाख ५३ हजार मूल्य पर्ने दुई सय ३७ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो । ती सवारीसाधन आयात हुँदा कार्यालयले रु २० करोड ३५ लाख ५८ हजार राजस्व सङ्कलन गरेको थियो ।

# झडपमा प्रदेशसभा सदस्य खातुनसहित १८ जना घाइते

**दैनिक समाचारदाता**
**सिरहा, ९ पुस ।**

सिरहाको गोलबजार नगरपालिका १३ दुर्गापुरमा सोमबार झडप हुँदा प्रदेशसभा सदस्य शाहिदा खातुनसहित १८ जना घाइते भएका छन् ।

हत्या घटनाका विषयमा भेला भएका स्थानीयवासीलाई खातुनका भाइ मोहमद रहिमसहितको समूहले कुटपिट गर्न थालेपछि झडप भएको हो ।

घाइतेमध्ये दुवै समूहका ९-९ जना छन् । उनीहरूको उपचार गोलबजारस्थित भूमिजा अस्पताल र वर्धमान अस्पतालमा भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी वीरेन्द्रकुमार पासवानले बताए ।

२० वर्षीय कृष्णकुमार महराको गत कात्तिक २७ गते हत्या भएको थियो । उक्त घटनामा स्थानीय एक किशोरको पनि नाम रहेको भन्दै प्रदेशसभा सदस्य खातुनले गाउँ छाड्न दबाब दिने गरेको भन्दै उनका अभिभावकले सोमबार बिहान छलफल राखेका थिए । खातुन पक्षले त्यही ठाउँमा कुटपिट गरेको स्थानीयवासी मोहम्मद सोवरथले बताए । उनी पनि घाइते छन् । पीडितका अभिभावकले गाउँमै भेला राखेर खातुनलाई बोलाउन जाँदा गालीगलौज गर्दै उनका भाइसहितको समूहले आएर एक्कासि कुटपिट गरेको घाइते दिपर खातुनले बताइन् ।

प्रदेश सभासदस्य खातुनले भने उनीहरू आफैं आफ्नो घरमा छोराको विषयमा बुझ्न आउने गरेको बताए । आफूले त्यस्तो कुनै दबाब नदिएको उनको भनाइ छ । उनले भने, 'हत्याजस्तो घटनामा मैले कुनै दबाब दिने कुरै आउँदैन । त्यो कानुनले गर्ने विषय हो । यो मलाई बदनाम गर्ने प्रयास मात्र हो ।'

गाउँको मदरसाका अध्यक्षसमेत रहेका मोहम्मद सोवरथले आर्थिक हिनामिना गरेको विषयमा आफूले चासो राखेपछि बदनाम गर्ने उद्देश्यसहित प्रचारबाजी र हमला गरेको आरोप उनले लगाए । उनले भने, 'सोवरथले मदरसामा आर्थिक हिनामिना गर्दै आइरहेको छ । मैले हिसाव मागेपछि मलाई बनाम गर्ने, दबाब दिने नियतले यो सब घटना घटाएको हो । आज बिहान पनि मलाई थाहै नदिई भेला गरेर ममाथि हमला गराएका हुन् ।'

सोवरथ पक्षले भने बिनाकारण गाउँमा आफ्ना विपक्षीलाई धाक धम्की दिने गरेको आरोप लगाएको छ । प्रत्येक घटनामा उनका भाइसमेतले गाउँलेलाई धेरै बोले फसाउनेदेखि मार्नेसम्मको धम्की दिने गरेको स्थानीयवासीको आरोप छ ।

प्रहरीले प्रदेशसभा सदस्य खातुनमाथि हातपात गरेको आरोपमा तीन जनालाई नियन्त्रणमा लिएको छ । अर्को पक्षले पनि उजुरी दिए कारबाही अगाडि बढाउने जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी पासवानले बताए । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*